# गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना (साकार) ज्यूबाट गण्डकी गाउँपालिकाको दशौं गाउँ सभामा प्रस्तुत आर्थिक बर्ष २०७९/०८० का लागि नीति तथा कार्यक्रमहरु

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय भुम्लीचोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०७९

**"सामाजिक न्याय सहितको दिगो विकासकव चाहाना कृषि, उद्योग, पर्यटन प्रवर्द्धन योजना"**

**आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम**

**सभामा प्रस्तुत मिति २०७९/०३/१०**

गाउँपालिका उपाध्यक्षज्यु
गाउँ सभाका सदस्यज्युहरु,
राष्ट्र सेवक कर्मचारीहरु, शिक्षक तथा विभिन्न पेशा व्यवसायमा सम्वद्ध पेशाकर्मी साथीहरु
गण्डकी गाउँपालिकाका नागरिक अगुवा, पत्रकार साथै सम्पूर्ण गाउँपालिकाबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु,
सङ्घीयता कार्यान्वयन पश्चात सम्पन्न दोश्रो स्थानीय तह सदस्य निर्वाचन पछिको प्रथम तथा दशौ गाउँसभामा गण्डकी गाउँपालिकाको विकास र समृद्धिको सपना वोकेर यहाँ पाल्नु हुने तपाइ सम्पुर्ण सदस्यज्युहरु र उपस्थित रहनुहुने सबै महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

समृद्ध गण्डकीको परिकल्पना गर्दै यहाँ तपाईंहरु सामु उभिइरहँदा संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, नागरिकको सार्बभौम आधिकार, स्वतन्त्रता र स्वशासन, सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, सामाजिक न्याय प्राप्तिको लागि विभिन्न कालखण्डमा भएका एतिहासिक जनसङ्घर्ष, महान जनयुद्ध एवम जनआन्दोलनहरुमा आफनो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्दा सुमन अर्पण गर्दछु। साथै गणतन्त्र प्राप्तीको महान अभियानमा बेपत्ता पारिनु भएका वेपत्ता तथा घाइते योद्दाहरु एवम उहाँहरुको परिवारको महान योगदानको पुनः स्मरण गर्दै उच्च सम्मान सहित घाइते हुनु भएका योद्धा तथा पीडितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

हामी भरखरै स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा निर्वाचित भएर यहाँ आएका छौं । यसै सन्दर्भमा हामीलाइ विश्वास गरेर यो अवसर प्रदान गर्नु हुने गण्डकी गाउँपालिकावासी आम मतदाता आमावुवा दाजुभाइ दिदिवहिनिहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । यसै गरि यो एतिहासिक अवसर प्राप्तीको जिम्मेवारि सुम्पनु हुने राजनैतिक दलका जिल्ला तथा केन्द्रीय नेतृत्वतह प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । साथै राज्यले सुम्पेको महान कार्यलाइ सफलता पुर्वक सम्पन्न गर्न योगदान पुर्याउनुहुने सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार लगायत सबै प्रति यस अवसरमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

नेपालमा संघीय संरचना सुरुवात भएको ५ वर्ष पुरा भएको छ । तथापी हाम्रो यो पहिलो कार्यकाल भएकोले हामिले निर्वाचनमा मतदाता सामु गरेका वाचा एवम नागरिकहरुले हामि प्रति राखेका आशा र भरोसाहरुलाइ टुट्न नदिइ विधि र कानूनलाइ आत्मसातः गर्दै संघीयता बुझ्ने, सिक्ने र अभ्यास गर्ने अवसरको रुपमा समेत लिनु पर्ने अवस्था रहेको छ । हामीले धेरै कुराहरु बुझ्न र वुझाउन वाँकी छ यद्दपी यो छोटो समयमा मैले संबिधानतः हामीलाई प्राप्त अधिकार सूचिको बिषयहरु कार्यान्वयनका लागि

सू-स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था, आवश्यक पर्ने वित्तीय स्रोत साधन र बिनियोजन कुशलता, चुस्त दुरुस्त साँगठनिक संरचना, अनुभबी र उत्प्रेरित पर्याप्त जनशक्ति, समन्वय र सहकार्य संस्कृति तथा कार्य पद्दती, नतिजामूलक अनुगमन तथा मुल्यांकन र मैत्रीपूर्ण वातावरण आवश्यक रहेको यथार्थता प्रस्तुत गर्न चाहान्छु ।

नेपालको संबिधानले राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरि ३ तहमा हुने गरी राज्यशक्तिको बाँडफाड गरेको व्यहोरा सर्वविदितै छ । संघीय शासन प्रणालीमा जनताले प्रत्यक्ष देख्न, छुन र अपनत्व महशुस गर्न सक्ने जराधारतहमा रहेको सरकार भनेकै स्थानीय सरकार हो । स्थानीय सरकार प्रति जनताका असिमित आकाँक्षाहरु जोडिएका हुन्छन । जनताका यीनै असिमित आकाँक्षा र सिमित श्रोत साधनलाइ बैज्ञानिक ढङ्गवाट समिकरण गर्दै गाउँपालिकाको वृहत्तर बिकासको अवधारणा अगाडी सार्नु आजको टड्कारो आवश्यकता रहेको छ ।

लोक कल्याणकारी राज्यमा जनता मालिक हो भने सरकार जनताको सेबक हो । यसर्थ हामी जनताको शासक हैन सेवक वनेर जनताको हरेक दुख सुखमा साथ र सहयोग दिन सक्नु पर्दछ । देशमा विभिन्न कालखण्डमा विभन्न राजनैतिक क्रान्तीहरु सफल भएका छन । हामी पनि प्रजातन्त्र प्राप्ती भए पश्चात ७ दशक भन्दा लामो समयको अनवरत राजनैतिक क्रान्तीपूर्ण सङ्घर्ष पछि एउटा समाजवाद उन्मुख राज्य व्यवस्थामा प्रवेश गरिरहेका छौ । यसर्थ पनि हाम्रा नीति तथा कार्यक्रमहरु संबिधानले परिकल्पना गरेको समाजवादको अधारशीला खडा गर्ने तर्फ उत्प्रेरित हुनु पर्नेछ भन्नेमा म आफु विश्वस्त रहेको यहाँहरु समक्ष स्मरण गराउन चाहान्छु ।

नेपालको संविधानले स्थानीय तहलाई स्वशासन र सहशासनका दुवै अधिकार दिएको छ । स्थानीय शासन अन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग र क्षेत्रको आर्थिक सामाजिक सशक्तिकरण एबं समाबेशिकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एबं रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा संचालन गरिने अभियान मूलक रचनात्मक कुराहरुको सुनिश्चितता हुन् जरुरि छ । साथै नेपालको संघियता सहकारिता मूलक भएकोले सह-अस्तित्व, सहकार्य र समन्वयको मर्ममा अडिग रहदै बिकास र समृद्धिको समग्र राष्ट्रिय सोच, लक्ष्य र मापदण्ड प्रदेश तहको सोच, लक्ष्य मापदण्डसंग तादम्यता रहनेगरी हाम्रो गाउँपालिकाको सोच, लक्ष र नीति तथा कार्यक्रम तर्जुमा गरी अघि बढ्नु परेको यथार्थता हामी सामु जगजाहेरै छ ।

हामी मुलुकको सङ्घीय राजधानी काठमाण्डौ र प्रादेशिक राजधानी पोखरा दुवैको सामिप्यतामा रहेकामा गौरवान्वित छौ तर पनि विगतको राज्यसत्ताको अदुरदर्शिता र विकास प्रतिको ठोस नीति र दीर्घकालिन सोंच वन्न नसक्दा आर्थिक सामाजिक र भौतिक पुर्वाधार विकासको हिसावले हामी निकै पछाडी परेको अनूभुती गरेका छौं । जनताको जीवनमा परोक्ष चासो राख्ने प्रशासनिक केन्द्र भौगोलिक सुगमताको हिसावले

उपयुक्त रहेको मान्न सकिदैन तथापी यसलाई सवै पक्षको समन्वय र सहमतीमा उपयुक्त निकास निकाल्न सकिन्छ र सवैको सुगमता हुने गरी पालिका केन्द्र स्थापना हुनेछ भन्नेमा म विस्वस्त रहेको व्यहोरा सम्मानित सभामा राख्न चाहान्छु ।

गाउँपालिकाको विकास र समृद्धिका लागि लोकतान्त्रिक पद्दति र व्यवस्था अनुसार गाउँपालिकामा क्रियाशील राजनतीतिक दलहरुको योगदान सहानीय छ । विगतमा भुकम्पको चपेटामा परेको अवस्थामा होस वा कोभिड-१९ महामारीको संकटमा होस नागरिकहरुको जीवन रक्षाका लागि सबै राजनीतिक दल, समाजसेबी, बुद्धिजीबी, बिभिन्न तहका सरकारहरु एवं गैह्र सरकारी संघ संस्थाहरुको सक्रिय योगदान रहेको अनुभव यहाँ स्मरण गराउन चाहान्छु र एक पटक फेरी हामीले गाउँपालिकाको समृद्धिका लागि उठाएका एजेण्डाहरुमा यहाँहरु सवैको साथ र सहयोग प्राप्त हुनेछ भन्ने बिश्वास लिएको छु ।

हामी कुरामा होइन काममा र सिद्दान्तमा मात्र होइन व्यवहारमा समेत विश्वास गर्छौ । यसैले हाम्रो आगामी आर्थिक बर्षको कार्य नीति तथा योजना र वजेट जनताले देख्न र महशुस गर्न सक्ने गरी त्यसतर्फ उन्मुख रहनेछ भन्ने विस्वास दिलाउन चाहान्छु । साथै हामीले गण्डकी गाउँपालिकाको विकास र समृदिका लागि लिइने यी नीति तथा कार्यक्रमहरु कार्यान्वयनको लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गर्दै अगाडी वढ्दै जाने व्यहोरा निवेदन गर्दै अव म आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका कानूनी आधारहरुका वारेमा सम्क्षिप्त व्यहोरा जानकारी गराउँछु।

**<u>आगामी आ.व. २०७९/०८० नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु:</u>**

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४,
३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली २०७६
५. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७
६. स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित),
७. स्थानीय तहको बार्षिक योजना तर्जुमा दिग्दर्शन २०७५ ,
८. राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाहरु, सोच र लक्ष्य,
९. दिगो बिकासका लक्ष,
१०. गण्डकी गाउँपालिकाका कानुनहरु लगायत प्रचलित कानूनी व्यवस्था,
११. श्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा बिषयगत सीमा निर्धारण,
१२. राजश्व परामर्श समितिको प्रतिबेदन र
१३. गण्डकी गाउँपालिकाका बिगत आर्थिक बर्षहरुको अनुभव, सिकाई तथा वस्तुस्थिति ।

**<u>आर्थिक बर्ष २०७८/०७९ मा गाउँपालिका ले बिकास निर्माण र सेवा प्रवाहका लागि गरेका प्रयासहरु:-</u>**

१. गाउँपालिकाको आवधिक योजना र बार्षिक बिकास कार्ययोजना तयार गरि लक्ष्यसहित योजना कार्यान्वयन गर्ने कार्यको थालनी भएको
२. सामाजिक सुरक्षा भत्ता बैंकिंग प्रणाली मार्फत बितरण गर्ने गरिएको।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अधिकांस आयोजनाहरु दैनिक रु ६४८ को ज्यालामा सुचिकृत बेरोजगारहरुलाई प्राप्त बजेटको अनुपात भन्दा बढी परिमाणमा काम गर्न गराउन प्रोत्साहन र सहजीकरण गरिएको साथै गाउँपालिकाको बजेटसंग साझेदारी गरि गुणस्तरीय आयोजना निर्माणको प्रयास गरिएको
४. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री र क्षमता बिकास तालिम मार्फत शैक्षिक गुणस्तर बृद्धि गर्ने प्रयास भएको।
५. आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाउदै बेरुजु फस्यौंट तथा न्युनिकरणमा सक्रिय प्रयास गरिएको ।
६. राजस्व संकलन मा शिर्षकगत रुपमा अभिलेखिकरण भएको।
७. कोभिड-१९ को संक्रमणलाई शुन्य बनाउन खोप कार्यक्रमलाई तिब्रता दिई पूर्ण खोप युक्त गाउँपालिका घोषणाको तयारीमा रहेको
८. सबै वडाहरु मा कृषि बजार पूर्वाधार निर्माणको थालनी भएको।
९. खेति बालीमा जुनसुकै रोग किरा वा समस्या देखिएमा नियमित रुपमा आकस्मिक बाली संरक्षण सेवा र प्राविधिक सेवाको व्यवस्था गरिएको ।
१०. गाउँ पालिका भित्र गाई भैसीमा कृतिम गर्भाधान (AI) कार्यक्रम र पशु बिमा भएको ।
११. सूचना संचार प्रबिधि अन्तर्गत गाउँ पालिकाको वेवसाइट अध्यावधिक गरि कानुन, प्रतिबेदन, योजना, सुचनाहरु नियमित रुपमा अपलोड गर्ने र सामाजिक संजाल मार्फत सूचना सम्प्रेसण गरि सेवा प्रबाहमा प्रभावकारिता ल्याउने प्रयास भएको।
१२. संघ, प्रदेश सरकार लगायत बिषयगत मन्त्रालयहरुले आयोजना तथा कार्यक्रम प्रस्ताब पेश गर्न आह्वान गर्दा तोकिएको समय भित्र आयोजना तथा कार्यक्रम पेश गरी थप अनुदान प्राप्त गर्न सफल भएको ।
१३. खुल्ला प्रतिस्पर्धाको मर्मलाई मूर्तरुप दिन खरिद प्रक्रियामा इ-बिडिंगलाई प्राथमिकता दिइएको
१४. घर नक्सा अभिलेखिकरण र व्यवसायहरु लाई दर्ता तथा नवीकरणको दायरामा ल्याउने प्रयत्न भएको।
१५. योजना अनुगमन तथा सुपरिवेक्षण कार्यमा डिजिटल प्रविधि प्रयोग को थालनी भएको।
१६. सडक योजनामा २:३ को अनुपातमा कटिङ्ग स्ट्रक्चरको प्रणाली लागु गर्ने प्रयास गरिएको।
१७. प्राकृतिक एबम मानव सिर्जित विपद जस्तै: हावाहुरी, आगलागी, बाढी, पहिरो, जंगली जनावर आतंकले क्षति भएका व्यक्ति एबम परिवारलाई राहत उपलब्ध गराउने प्रयास गरिएको।
१८. घरेलु तथा लैंगिक हिंसा न्यूनीकरण र महिला सशक्तिकरण सम्बन्धि होर्डिंग बोर्ड राख्ने तथा सम्बन्धित दिवस मनाउने गरिएको ।
१९. बिकास साझेदारहरुलाई विकास निर्माण लगायतका गतिविधिहरु संचालनका लागि एक द्वार प्रणालीमा ल्याउने प्रयास गरिएको ।
२०. जनताको सूचनाको हकलाई पूर्ण रुपमा कार्यान्वन गर्ने/गराउने प्रयास स्वरुप उजुरी, गुनासो फछ्यौंट तथा गाउँ पालिकाका गतिबिधि र सूचनाहरुलाई दैनिक, मासिक तथा चौमासिक रुपमा स्वत:प्रकाशन (Pro-active Disclosure) गर्ने गरिएको ।
२१. सूचनाको हक अन्तर्गत माग भएका सूचनाहरु सम्बन्धित पक्षलाई समयमै उपलब्ध गराउदै आइएको

२२. राजश्व शाखालाई प्रविधिमैत्रि बनाउन गाउँपालिका र अन्तर्गतका सम्पूर्ण वडाहरुमा राजश्व सफ्टवयरको जडान गरि electronic billing को प्रकृया अगाडि बढाइएको ।

२३. गाउँपालिकाको आन्तरिक राजश्वलाई बढाउन गाउँपालिका क्षेत्र भित्रका सम्भावित आयलाई करको दायरा भित्र ल्याउने प्रयास गरिएको ।

**आर्थिक बर्ष २०७८/७९ मा गाउँपालिकाकालाई प्राप्त अवसरहरु :-**

१. कोभिड-१९ को बिश्वब्यापी महामारी बाट स्वदेश तथा बिदेशमा रोजगारी गुमाएका व्यक्ति, सिमान्तकृत समुदाय तथा लक्षित बर्गलाई श्रममा आधारित तथा व्यवसाय सहितको रोजगारी सिर्जना गरी आर्थिक पुनर्लाभको अवसर ।

२. आधारभूत तहमा बदलिदो विश्वब्यापी परिवेश संगै शिक्षण सिकाइ क्रियाकलापलाई सूचना प्रबिधिमैत्री बनाउने।

३. घटना दर्ता शिविर संचालन गरि छुटेका व्यक्तिगत घटना समाबेश गराई डिजिटल तथ्यांक तयार गर्ने ।

४. सुत्र प्रणालीमा त्रैमासिक कार्यक्रमको प्रबिस्टी र प्रतिबेदनको व्यवस्था अवलम्बन गरि नियमित रुपमा वित्तीय प्रतिबेदन प्राप्त गर्ने तथा आर्थिक कारोबारलाई विधुतीय कारोबार भुक्तानी (EFT) मार्फत संचालन गर्ने ।

५. घाँस उत्पादनको पर्याप्तता संगै पशुपालन फर्महरु बिकास गरि पशुजन्य उत्पादनलाई Value Add गरि बजारीकरण गर्न सकिने ।

६. उपलव्ध प्राकृतिक श्रोत (ढुंगा, गिट्टी, बालुवा, माटो आदी) उपयोग मार्फत पूर्वाधार विकास निर्माणलाई तिब्रता दिने ।

७. बढ्दो बजार माग र भौगोलोक बिबिधताका कारण कृषि तथा पशु पन्छी जन्य उत्पादन जस्तैः तरकारी, सुन्तला, मासु र अण्डामा आत्मनिर्भर हुन सकिने।

८. सूचना प्रबिधि युक्त सेवा प्रवाह र अन्तरक्रियामा सम्पूर्ण जनप्रतिनिधि एबं कर्मचारीहरुलाई अभ्यस्त बनाउने।

९. संघीय सरकारबाट प्राप्त बिशेष अनुदान मार्फत मातृ मृत्युदर तथा बाल मृत्यु दर घटाउन आधारभूत स्वास्थ्य सेवा संचालन तथा सीमान्तकृत र दलित समुदायको गरिबी न्यूनीकरण तथा क्षमता बिकास कार्यक्रम संचालनमा सहज भएको

१०. वडामा उपलब्ध प्राबिधिक जनशक्ति मार्फत पूर्वाधार बिकासमा भरपुर गुणस्तर अभिवृद्धि गर्ने।

११. कोभिड-१९ जस्ता विपदको सामनासंगै विपदको पूर्ब तयारी र आवश्यक पूर्वाधार निर्माण गर्ने ।

**आर्थिक बर्ष २०७८/०७९ मा विकास निर्माण र सेवा प्रवाहको क्रम मा उत्पन्न चुनौतिहरु :**

१. जलबायु परिबर्तन तथा बिभिन्न रोग ब्याधिसंग अनुकुलन हुने गरि कृषि तथा पशुपंक्षी पालन ब्यबसाय संचालनमा सहजीकरण गर्नु

२. जटिल भौगोलिक बनावटका बाबजुद उत्पादित कृषि र पशुपंक्षी उपजलाई बजारसम्म पुर्याउनु

३. कृषि प्रसार सेवाका कार्यक्रम तथा अनुदानमुलक कार्यक्रमबाट दिगो उत्पादन र उपभोगमा वृद्धि गर्नु

४. Veterinary Lab को स्थापना गरि Emerging र Re-emerging रोगहरुका साथै पशुजन्य उत्पादनमा Anti-biotic Residue नियन्त्रण गर्नु

५. गत आर्थिक बर्षको तुलनामा राजस्व संकलन दर चालु बर्षमा अनुमान गरेको भन्दा थोरै संकलन हुँदा गाउँ पालिकाको संचित कोषमा थप व्यय भार पर्नु,
६. गाउँपालिकाको महत्वपूर्ण आन्तरिक आय श्रोत मानिएको नदि किनारको ढुंगा, गिट्टी, बालुवा सोचेजस्तो परिमाणमा ठेक्का लागि बिक्रि वितरण हुन नसक्दा लक्ष्य अनुरुप राजस्व संकलन हुन नसक्नु
७. गाउँपालिकाको आफनै प्रशासनिक भवन निर्माण गरी  एक द्वार प्रणाली मार्फत सहज रुपमा प्रभावकारी सेवा प्रवाह गर्नु
८. कर्मचारीको रिक्त दरबन्दी पदपूर्ति संगै बिकास निर्माण र सेवा प्रवाहमा चुस्तता र द्रुतता ल्याउनु ।
९. भौगोलिक जटिलता, प्रतिकूल मौसम तथा दिगो ब्यबस्थापनमा कमिको कारण भौतिक पूर्वाधारमा गरिएको ठुलो लगानीको उपलब्धि न्यून हुनु ।
१०. सहज सडक पहुँच को अभावले भौतिक निर्माण सामाग्री र प्रविधिको शिघ्र उपलब्धतामा कठिनाइ।
११. उपभोक्ता मार्फत  संचालन हुने आयोजनामा लागत सहभागिता र जनश्रमदान पर्याप्त मात्रामा जुटाउनु ।
१२. विकास निर्माणप्रति जनमानसको परम्परागत सोचमा तात्विक परिवर्तन ल्याउनु ।
१३. घर निर्माण गर्दा भवन आचार संहिता र मापदण्ड पूर्ण रुपमा पालना गराउनु ।
१४. योजना समयमै सपन्न हुन नसक्दा आर्थिक वर्षको अन्तमा भुक्तानीमा अत्याधिक चाप पर्नु
१५. आबश्यकमात्रामा शिक्षक दरबन्दीको नहुनु, शिक्षक-बिद्यार्थीको अनुपातमा दरबन्दी मिलान हुन नसक्नु जस्ता कारणबाट निजि श्रोतमा शिक्षक नियुक्ति गर्दा ठुलो आर्थिक व्यय भार पर्नु
१६. Home Delivery शुन्य बनाउनु तथा Protocal अनुसार गर्भ जाँचमा पूर्णता प्राप्त गर्नु

## गाउँ पालिकाले आर्थिक बर्ष २०७८/०७९ मा प्राप्त गरेका मुख्य उपलब्धिहरू :

**क) आर्थिक बिकास :**

१. पशुपंक्षीको महामारिजन्य रोगहरु नियन्त्रणको लागि पूर्ण खोप कार्यक्रम संचालन भएको ।
२. सामुदायिक कुकुरको संख्या नियन्त्रणको लागि ८० कुकुर बन्ध्याकरण भएको ।
३. वडा ७ मा कृतिम गर्भाधान केन्द्र स्थापना भएको ।
४. पशुपंक्षी बिमा कार्यक्रम संचालन भएको ।
५. पशु सेवा ऊपशाखा मार्फत सेवा प्रवाह भएको।
६. पशुपंक्षी सूचना ब्यबस्थापन प्रणाली (LIMS) लागु भएको ।
७. संघीय सरकारबाट हस्तान्तरित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम गाउँपालिकाको वडा न १, २, ३ र ४ मा संचालन भई यसै आ.ब. भित्र ७६ जना लाई नयाँ लघु उद्यमी बनाउन सफल भएको ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिका भरि जम्मा ३८८ जना बेरोजगार सूचीमा सूचिकृत व्यक्तिहरु मध्ये ११६ जनालाई १०० दिनको रोजगारी दिन सफल भएको ।
९. सिंचाईको व्यवस्था नभएको ठाउँमा नियमित सिंचाइको व्यवस्था मिलाउन साना सिंचाइ विकास कार्यक्रम-सिंचाइ पाइप संचालन गरिएको ।
१०. कृषिको आधुनिकिकरण, व्यावसायिकरण र वैज्ञानिकीरण गर्न यन्त्रिकरण(कम्बाइन हार्भेस्टर,थ्रेसर,पावर टिलर, कोदो चुट्ने मेसिन, कुटानी-पिसानी मिल, फलफूल टिप्ने उपकरण आदि) वितरण गरिएको।

११. हरेक वडामा कृषि प्राविधिकहरुको व्यवस्था गरि नियमित रुपमा कार्यालय तथा स्थलगत सेवा प्रदान गरिदै आइएको ।

**ख) सामाजिक विकास :**

१. विद्यालयमा कार्यान्वयन भएको दिवा खाजा, नयाँ पाठ्यक्रम र गाउँपालिकाबाट संचालित योजनाहरूको निरन्तर अनुगमन गरी कार्यान्वयनको गुणस्तरीयतालाई प्राथमिकतामा राखिएको।

२. विद्यालयमा सूचना, संचार र प्रविधिमैत्री वातावरण कायम गर्न संघीय सरकारको ससर्त अनुदान मार्फत विद्यालयमा प्रयोगशालाको स्थापना गरिएको।

३. विद्यालयमा विद्यार्थी संख्या र शिक्षक दरबन्दीको आधारमा दरबन्दी मिलान गरिएको।

४. न्युन आय भएका, अति सिमान्तकृत वर्गको शैक्षिक पहुँच सुनिश्चतताका लागि श्री तोमनडाँडा माध्यमिक विद्यालय, गण्डकी-६ मा आवसिय छात्रबास व्यवस्थापन गरिएको।

५. VIA CAMP संचालनमा ३५६ जना महिलाहरुको आङ खस्ने तथा पाठेघरको मुखको शुरुवाती क्यान्सर परिक्षण गरिएको, जसमध्ये १७ जना आङ खसेका महिलाहरुलाई रिङ पेसरी राखी उपचार गरियो भने १९ जना VIA पोजेटिभ महिलाहरुको तत्कालै थर्मोकोगुलेसन विधिवाट उपचार गरिएको।

६. मोबाइल स्वास्थ्य कार्यक्रम संचालन भएको जस अन्तर्गत स्वास्थ्य संस्था र सबै महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई मोबाईल सेट र संचार खर्च उपलव्ध गराइएको ।

७. वर्थिङ सेन्टरको भवन निर्माण कार्य संचालनमा रहेको तथा बर्थिंङ सेन्टरहरुमा आमा घर व्यवस्थापन गरिएको ।

८. विपन्न न्यून आर्थिक आय भएका व्यक्तिहरुलाई तत्कालको आवश्यकता परिपूर्तिका लागि आर्थिक सहायता प्रदान गरिएको तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामग्री वितरण गरिनुको साथै आय आर्जनमा सहयोग पुग्ने प्रकृतिका कार्यक्रम संचालन गरिएको ।

**ग) पूर्वाधार विकास :**

१. भौतिक पूर्वाधार तर्फका अधिकांस आयोजनाहरुमा बिनियोजित बजेटको परिमाण भन्दा बढी परिमाणमा कार्य भएको ।

२. संघीय सरकार समपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा वहुवर्षिय योजनाको रुपमा सञ्चालित आग्रीडाँडा दलभन्ज्याँग रानीश्वाँरा कौदी पुण्यगाउँ वतासे भन्ज्याँग सडकको आग्रीडाँडा दलभन्ज्याँग सडक खण्डमा चालु वर्षको यस अवधीमा लक्ष्यको करिव ४९.४४ प्रतिशत कार्य अर्थात सव वेस विच्छ्याउने कार्य सम्पन्न भईसकेको ।

३. प्रदेश सरकार समपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा मकैसिं लामागाउँ ऐनापहाड दलभन्ज्याँग हुदै गाउँपालिका सम्मको सडक निर्माण कार्य ४.३ किलोमिटर नयाँ ट्र्याक नमुना वाटोको रुपमा निर्माण सम्पन्न भएको ।

४. चालु वर्षमा विभिन्न सडकहरुमा गरी (मकैसिं वुट्टार सडक खण्डको सिसौघारी क्षेत्रमा ४५ मि., ठुलो फाँट आमडाँडा भालडाँडा सडकको आमडाँडा क्षेत्रमा ३० मि., ढावे पौवा वटुककाल भैरव मन्दिर सडकको ढावे पौवा खण्डमा ३२० मि. भद्रकाली मा.वि. गेट सडक खण्डमा ६० मि., तेर्से कोटगाउँ ८ न वडा कार्यालय सडकको घुम्ती खण्डमा ६९ मि. गरी जम्मा ५२४ मि. वाटो पक्की ढलान गरिएको । यो गत वर्षको तुलनामा ७२ प्रतिशत वढि हो।

५. गाउँपालिका क्षेत्रभित्रका सडक सञ्जालले नछोएका वस्तीहरुसम्म नयाँ ट्रयाक निर्माण गरी सडक सञ्जालले जोड्ने र सडक सञ्जालले जोडिएका वस्तीहरुसम्म सडक स्तरोन्नती गरी सर्वयाम यातायात सूचारु गर्ने यस पालिकाको लक्ष्य एवं उद्देश्य रही आएकोले सोही बमोजिम कार्य भएको ।

६. गाउँपालिका क्षेत्रभित्रका असिंचित पाखा वारीहरु सिंचित गरी तरकारी तथा खाद्यन्न र नगदेवाली उत्पादनमा वृद्धि गरी कृषकहरुको जिविकोपार्जनमा सुधार ल्याउने लक्ष्य सहित वडा नं. ४ कौदी, फलाटे वडा नं. ६ घौसुर खोला, वडा नं. ८ को जलविरे वाल्टार, लम्वु खोला, चुर्लिङ्ग डिप वोरिङ्ग लगायतका विभिन्न संभाव्य क्षेत्रमा सिंचाई योजनाहरु सञ्चालन गरी कार्यान्वयनमा ल्याइएको।

७. विभिन्न महिला तथा सामुदायिक भवनहरुको निर्माण सम्पन्न गरिएको ।

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन**

१. गाउँपालिका सदरमुकाम र मुख्य राजमार्ग जोड्ने विभिन्न वडाहरु अन्तर्गत का नौ वटा सडकहरु मर्मत सम्भार गरि समयमै यातायात सुचारु गरिदै आइएको छ ।

२. हावा हुरी, आगलागी जस्ता विपदबाट गाउँ पालिकाभरि घर गोठ पूर्ण तथा आंसिक क्षति भएका विपद पिडित परिवारहरुलाई आर्थिक राहत वितरण गरिएको ।

३. गाउँपालिका क्षेत्रका ३ वटा सामुदायिक बनमा यसै महिनामा वृक्षरोपण गर्ने गरि तयारी गरिएको

४. विपदबाट घर पूर्ण रुपमा क्षति भइ घरबार बिहिन भएका ३ वटा परिवारहरुको घरनिर्माण प्रक्रिया अगाडी बढाइएको ।

**ङ) संस्थागत विकास तथा सुशासन :**

१. कर्मचारीहरुलाई कार्यविवरण सहित कार्य सम्पादनमा जिम्मेवार बनाइएको।

२. सफ्टवयर जडान गरि राजश्व लेखांकन र प्रतिबेदन प्रणालीलाई व्यवस्थित गरिएको।

३. राष्ट्र बैंक निर्देशिका बमोजिम को खाता संचालन गरि आर्थिक कारोबार लाई पारदर्शी एवं व्यवस्थित गरिएको।

४. गाउँपालिकाको सबै आर्थिक कारोबारहरू बिधुतिय लेखा प्रणाली SuTRA र CGAS मार्फत अभिलेखिकरण गरिएको।

५. सबै वडाहरुमा घटना दर्ता अनलाइन मार्फत डिजिटल अभिलेखिकरण गरिएको।

६. कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यबस्थित गर्न जिन्सी निरीक्षण तथा अनुगमन मुल्यांकन र नियमनलाई प्रभाकारी बनाइएको ।

## आगामी आ.व. २०७९/०८० का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः

**क) आर्थिक विकास**

१. गाउँपालिका आत्मनिर्भर हुने गरि बिभिन्न फलफुल तथा बोटबिरुवाहरुको नर्सरी स्थापना गरिनेछ ।

२. प्रबिधिमैत्री राजश्व सुधार कार्यक्रम मार्फत गाउँपालिकाको आन्तरिक आयमा अभिवृद्धि गरिनेछ ।

३. सिमान्तकृत (प्रजा, भुजेल, बारम, माझी) र दलित जनसमुदायको गरिबी निवारण तथा क्षमता विकास कार्यक्रम ।

४. खाद्य सुरक्षा र गरिबी न्युनिकरणमा टेवा पुग्ने कार्यक्रमहरु ।

५. आर्थिक पूर्वाधारहरु निर्माणमा जोड दिइनेछ ।

६. स्थानिय पर्यटन क्षेत्रहरुको पहिचान र प्रबर्दन गर्ने कार्यक्रमहरु ।

७. स्थानीय प्राकृतिक श्रोत तथा साधन, मानव जनशक्ति, सीप र ज्ञानमा आधारित कृषि, पशुपन्छी, उद्यम र श्रममा आधारित रोजगारी प्रबर्धनका कार्यक्रमहरु ।

८. वित्तीय संस्थाहरुलाई सहजीकरण गरी सिमान्तकृत समुदाय, पिछडिएका बिपन्न वर्ग र क्षेत्रका नागरिकहरुको आर्थिक सशक्तिकरण तथा आयआर्जन हुने कार्यक्रमहरु ।

**ख) सामाजिक विकास**

१. बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्ने कार्यक्रम ।

२. गर्भवती महिला, नवजात शिशु, तथा बालबालिकामा देखापर्ने कुपोषणको दरमा न्यूनीकरण गर्दै मातृ मृत्यु तथा शिशु मृत्युदरमा कमि ल्याउने कार्यक्रमहरु ।

३. स्वास्थ्य सुधारका कार्यक्रमका साथै आयुर्वेदिक र योग स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु ।

४. लैंगिक समानता तथा सामाजिक समबेशिकरण कार्यक्रम मार्फत घरेलु/लैंगिक हिंसा न्यूनीकरण, सिमान्तकृत समुदायहरुको विकासमा पहुँच बढ्ने, अधिकार सुनिश्चित हुने र आर्थिक उपार्जनमा अगाडी बढ्ने कार्यक्रमहरु ।

५. सामाजिक पुर्वाधारहरु जस्तैः खानेपानी तथा सरसफाई, बिद्यालय, स्वास्थ्य पूर्वाधार तथा उपकरणहरु ।

**ग) पूर्वाधार विकास**

१. दिगो पूर्वाधार निर्माण

२. गाउँ पालिकाको प्रशासनिक भवन र वडा कार्यालय भवन निर्माण ।

३. गाउँपालिका एबं वडा गौरबका सडक स्तरोन्नति कार्यक्रम ।

४. खेति योग्य जमिनमा कृषि उत्पादन बढाउनका लागि सिंचाई आयोजनाहरु ।

५. सर्बसुलभ, स्वच्छ पिउने पानी ब्यबस्थापन कार्यक्रम ।

**घ) वन, वातावरण तथा विपद व्यवथापन**

१. जैविक बिबिधता बचाउन र भू-संरक्षण गर्न सामुदायिक बनको संरक्षण तथा व्यवस्थापन गर्ने कार्यक्रमहरु ।

२. बिपदका जोखिमहरू न्युनिकरण तथा अल्पिकरण गरी विपद जोखिम अनुकुलन कार्यक्रम ।

३. जलवायु अनुकुलित एबं उत्थानशील कृषि प्रणाली, स्वास्थ्य (Vector Born diseases) व्यवस्थापन, पूर्वाधार निर्माण (IEE & EIA), जैविक बिबिधता, जलश्रोत जस्ता क्षेत्रलाई टेवा पुग्ने कार्यक्रमहरु।

४. फोहरमैला व्यवस्थापनका कार्यक्रमहरु ।

**ङ) सुशासन तथा संस्थागत विकास**

१. स्थानीय तह संचालनका लागी आवश्यक पर्ने बन्न बाँकी कानुनहरु निर्माण र कार्यान्वयन ।

२. गाउँपालिका पदाधिकारी र कर्मचारीहरुलाई स्थानीय सरकार संचालन गर्न सीपयुक्त र क्षमतावान बनाउने कार्यक्रमहरु ।

३. मानव संशाधन विकास तथा मानव पुंजी निर्माणका कार्यक्रमहरु ।

४. उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता, जवाफदेहिता र समाबेशिता प्रवर्धन गर्ने कार्यक्रमहरु ।

५. सार्बजनिक निजी साझेदारी कार्यक्रम मार्फत निजी क्षेत्रलाई विकास निर्माणका कार्यमा सहभागी गराउने कार्यक्रमहरु ।

६. विकास साझेदार र गैह्र सरकारी संघ संस्थाहरुसंग समन्वय र साझेदारी गरिने कार्यक्रमहरु ।

**गण्डकी गाउँपालिकाले आगामी आ.व. २०७९/०८० मा अवलम्बन गर्ने प्रमुख नीतिहरु:**

**क) आर्थिक विकास:**

**क.१ कृषि बिकास**

१. कृषिमा ब्यबसयीकरण गर्दै प्रबिधिमैत्री र समानित पेशा बनाइनेछ ।

२. खाद्यान्न अन्नबाली दालहन, तेलहन, तरकारी, मसला खेतीमा जोड दिई क्रमशः तरकारीमा आत्मनिर्भर हासिल गरिनेछ ।

३. गाउँपालिकामा बहुउद्देश्यीय नर्सरीको केन्द्र स्थापन गरि जडिबुटी, तरकारी लगायत फलफुल खेति प्रबर्दनमा जोड गरि एक वडा एक फलफुल बगैचा निर्माणमा जोड गरिने छ ।

४. कृषिलाई मल बिउ सहज रुपमा उपलब्ध गराउन गाउँपालिका र सहकारीको पहलमा व्यवस्थित गरिने छ।

५. बाँझो जग्गामा खेति गर्न प्रोत्साहित गरिनेछ साथै न्यून आय भएका कृषकलाई जग्गाको भाडामा ५० प्रतिशत छुट गरिनेछ ।

६. प्राङ्गारिक एबं जैविक मल, विषादी उत्पादनमा जोड दिदै अन्य बिषादी र रासायनिक मलको विकल्प खोजिनेछ ।

७. मौसमी एबं बेमौसमी खेति बिकासको लागि आवश्यक पूर्वाधार तयार गर्न सिंचाई यान्त्रिकरण लगायत बजारीकरणको लागि आबश्यक सहयोग गरिनेछ ।

८. पालिकास्तरीय माटो परिक्षण गरिनेछ ।

९. कृषि क्षेत्रको सर्वपक्षीय बिकास र बिस्तारको लागि सहकारी तथा समूहहरुको क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ ।

**क.२. पशुपंक्षी बिकास**

१. पशुपंक्षी पालनलाई ब्याबसयीकरण गर्न गाई, भैसी, कुखुरा, बाख्रा, कालिज, बट्टाई, आदि ब्यबसाय प्रवर्द्धनको लागि मासु, अण्डामा आत्मनिर्भर हुदै आयआर्जनमा वृद्धि गर्ने नीति लिइने छ । साथै पशुपंक्षी खाद्य पोषण वा ढुवानीमा सहयोग गरिनेछ।

२. स्वस्थ एवं सफा मासुको लागि बधशाला तथा फ्रेशहाउसलाई मापदण्ड अनुरुप संचालनको लागि सहायोग गरिनेछ ।

३. माछा बंगुर पालन व्याबसाय बिस्तारमा जोड दिइनेछ ।

४. पशुपंक्षीपालन, पशुपंक्षी स्वास्थ्य, पशुपंक्षी उत्पादन (दुध, मासु, अन्डा) पशुपंक्षी स्वस्थ प्रजनन, पशुपंक्षी आहार र पशु कल्याण तथा संरक्षण सम्बन्धी ऐन, नियम र कानुनको व्यवस्था, कार्यान्यन, अनुगमन, नियमन गरिनेछ ।

५. पशुपालन कार्यलाई सहज र लागत मूल्य कम गर्न विभिन्न जातका घाँस, औजार साथै घरायसी दाना निर्माणलाई जोड गरिने छ ।

६. दुध तथा दूधजन्य पदार्थ उत्पादन गर्ने कृषक, कृषि फर्म, सहकारी, समुहलाई सहकार्यमा दुध चिस्यान स्थापनाको लागि सहयोग गरिनेछ।

७. लेयर्स पालक कृषक, समुह फर्मले उत्पादन गरेको अन्डा भण्डारणको लागि एक अन्डा कोल्डस्टोर साझेदारीमा स्थापनाको लागि जोड दीईनेछ ।

८. पशुपंक्षी ऊत्पादनको आधारमा  आवास्यकता अनुसारको हाट बजार स्थापना गरिनेछ।
९. गाउंपालिका स्तरीय फरेज मिसन कार्यक्रम संचालनको लागि घाँसको नर्सरी स्थापना गरिनेछ ।
१०.बर्षायामको घासको संरक्षण गरि हे, साइलेज, हेलेज प्रबिधि स्थापनामा सहयोग गरिनेछ ।
११.पशुपंक्षीलाई आवस्यक स्वस्थ र सन्तुलित आहारको लागि निजी क्षेत्रको साझेदारीमा दाना उद्योग स्थापना गरिनेछ ।
१२.पशुपंक्षीको माहामारिजन्य रोगहरुको नियन्त्रणको लागि पूर्ण खोप कार्यक्रम संचालन गरिनेछ ।
१३.पशुपंक्षीको उपचारको लागि आवस्यक औषधि, सामाग्रीहरु पशुसेवा उपशाखा मार्फत सबै वडामा सेवा प्रवाह गरनेछ ।
१४.पशुजन्य रोगको अन्वेषण तथा अनुसन्धानको लागि गाउँपालिका स्तरीय भेटेरिनरी प्रयोगशाला स्थापना गरिनेछ ।
१५.पशुधनको रक्षाको लागि पशुपंक्षी बिमा कार्यक्रम संचालन गरिनेछ।
१६.बन्यजन्तुको संरक्षण उपचार र ब्यबस्थापनको लागि आवस्यक समन्वयका साथै गाउँपालिका स्तरीय Mini-zoo निर्माण गरिनेछ ।
१७.बैदेशिक रोजगारबाट फर्किएका तथा बेरोजगार युवाहरुलाई कृषि ब्याबसय स्थापना वा ब्याबसाय रक्षाको लागि बैंक तथा वित्तीय संस्था मार्फत सहुलियत कर्जा प्रवाहको लागि कार्यक्रम संचालन गरिनेछ ।
१८.पशुजन्य उत्पादन वृद्धि तथा नस्ल सुधारको लागि ए.आई .मिसन कार्यक्रम संचालन गरिनेछ ।
१९.बाँदर आतंकबाट आक्रान्त किसानहरुको कृषिजन्य ऊत्पादनमा क्षती भइ घास खेतिमात्र बिकास हुने भएकोले उक्त छेत्रमा सहकारी मार्फत दुध मिसन कार्यक्रम लागु गरि कार्यक्रम संचालन गरिनेछ ।
२०.रासायनिक मलको अभावबाट तरकारी खेति ऊत्पादनमा भएको क्षति न्यूनीकरणका साथै प्राङ्गारिक खेति प्रोत्साहन हुने हुनाले सहकारी मार्फत कुखुरा मिसन कार्यक्रम लागु गरिनेछ ।
२१.गाउँपालिका भित्र संचालित होमस्टे लाई मध्यनजर गरि लोकल कुखुरा फार्म तथा ह्याचरी बिकास गरिनेछ ।
२२.पशुपंक्षीजन्य ऊत्पादन (दुध, अण्डा, माछा, मासु)  गर्ने सहकारी समुह उत्पादनको आधारमा अनुदान कार्यक्रम संचालन गरिनेछ ।
२३.माछा पालन व्यावसायलाई Bioflock प्रबिधि मार्फत बिकास गरिनेछ ।
२४.एक वडा एक पशु बिकास फर्म बिकास गरि गाउँपालिकाको आयस्रोतमा टेवा पुर्याउने कार्यक्रम संचालन गरिनेछ ।
२५.पशुपंक्षी फार्मलाई प्रबिधिमैत्री बनाउन फार्म यान्त्रिकरण कार्यक्रम संचालन गरिनेछ ।
२६.पशुजन्य ऊत्पादन (दुध, अण्डा, माछा, मासु) मार्फत बालबालिका तथा सुत्केरी महिलाको पोषण कार्यक्रमलाई बैज्ञानिक र दीर्घकालीन बनाउन शिक्षा शाखाको दिवा खाजा कार्यक्रम र स्वास्थ्य शाखाको पोषण कार्यक्रमलाई एकीकृत पोषण कार्यक्रम संचालन गरिने नीति लिइनेछ ।

**क.३ पर्यटन विकास**

१. गाउँपालिकाकाको मुख्य  मुख्य पर्यटन क्षेत्र मुन्थला मन्दिर, भैरबि मन्दिर, महादेवथान मन्दिर, दर्वुङ भगवतीकोट र वेनि संगम लगायत ठाँउलाई सम्वर्धन र प्रवर्द्धन गर्दै कृषि पर्यटन जलयात्रा लगायत पर्यटन क्षेत्रमा **"गण्डकीको अभियानः पर्यटनलाई सम्मान"** को नीति अपनाइने छ ।

२. जलासय युक्त बुढिगण्डकी जलविद्युत आयोजनाबाट यस पालिकालाई पर्यटन क्षेत्रमा भरपुर सहयोगको लागि पहल गरिने छ ।
३. मुन्थला, भैरबी, चिसापानी, महादेवडाँडा, पातिश्वारा, शहिदलखनबाट मनकामना जाने रुटलाई मुख्य पर्यटन रुट बनाउन पहल गरिनेछ ।
४. गाउँपालिका भित्रका ऐतिहासिक पर्यटकिय धार्मिक स्थलको श्रब्य दृष्य सामाग्री तयार गरि पर्यटन प्रवर्द्धनमा जोड गरिने छ । मिडिल हिल हाइकिङ रुट निर्माण गरिनेछ ।

**क.४. श्रम तथा रोजगार प्रबर्दन**

१. गाउँपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार श्रमिकहरुलाई परिचालन गर्न वडास्तरीय योजनासंग साझेदारी गरि संचालन गरिनेछ ।
२. गाउँपालिका भित्रका बेरोजगार युवाहरुलाई निजी क्षेत्रसँगको साझेदारीमा रोजगारीमा आवद्ध गर्ने नीति लिईनेछ।
३. बैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित बनाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने निति लिईनेछ।
४. बैदेशिक रोजगारीमा गएका घर परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता सम्बन्धि कक्षाहरु सञ्चालन गरी आय आर्जन तथा विप्रेषणलाई सही क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने नीति लिईनेछ ।
५. बैदेशिक रोजगारीबाट सिर्जित विभिन्न सामाजिक समस्याहरु न्यूनीकरण गर्न मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

**क.५. लघु उद्यम बिकास कार्यक्रमः**

१. गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन गरि नयाँ लघु उद्‌घमीहरु सृजना गरिनेछ।
२. भइरहेका उद्दमीहरुको स्तरोन्नति गर्नका लागि पुनर्ताजगी तालिम संचालन गरि प्रबिधि हस्तान्तरण गरिनेछ।

**ख) सामाजिक विकास**

**ख.१ शिक्षा, युवा तथा खेलकुद**

१. गाउँपालिका अन्तर्गतको नमुना विद्यालय श्री ज्ञानमार्ग माध्यमिक विद्यालयको शैक्षिक, आर्थिक र भौतिक पक्षको विकासलाई निरन्तरता दिइनेछ ।
२. प्रारम्भिक बालविकास केन्द्रलाई व्यवस्थित र नतिजामूलक बनाई सान्दर्भिकता बढाइनेछ । साथै यसलाई राष्ट्रिय मापदण्ड अनुरूप रूपान्तरण गर्न बालविकास सहजकर्ताको क्षमता विकास, प्रोत्साहन र सहजीकरण गरिनेछ ।
३. हालै कार्यान्वयनमा आएका नयाँ पाठ्यक्रमको कार्यान्वयन अवस्था अध्ययन, अवलोकन गरी आवश्यक सुधार गरिनेछ र नयाँ पाठ्यक्रम प्रवोधिकरणलाई प्राथमिकतामा राखिनेछ ।
४. गण्डकी गाउँपालिकाको अति सिमान्तकृत जाति अन्तर्गत चेपाङ जातिको शैक्षिक पहुँचलाई सुनिश्चित गर्न चेपाङ छात्रबास सहायता र चेपाङ भाषा सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. विद्यालयमा अध्ययनरत छात्रा महिनावारी हुँदा अनुपस्थित रहने अवस्था हटाउन जनचेतना कार्यक्रम ल्याइनेछ । छात्राहरुलाई प्रोत्साहन गर्न एवम् विद्यालयमा नियमितता बढाउनको लागि स्यानीटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. सवै विद्यालयमा ईमेल, इन्टरनेट तथा सूचना, संचार तथा प्राविधिमैत्री सामाग्री वितरण गरी विद्यालयहरूलाई सूचना प्रविधिमैत्री बनाइनेछ।

७. विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि र शैक्षिक पहुँच सुनिश्चितताका लागि शिक्षा, युवा तथा खेलकुद शाखा र प्रत्येक सामुदायिक विद्यालयका प्रधानाध्यापकबीच कार्यसम्पादन मापदण्ड तय गरी कार्यसम्पादन करार गरिनेछ ।

८. स्थानीय स्तरको ज्ञान, सीप, मूल्य मान्यता, संस्कृति र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्न स्थानीय पाठ्यक्रम निमार्ण गरिनेछ ।

९. सामुदायिक विद्यालयका शिक्षकहरुलाई आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त वनाउन क्षमता विकास, सिकाइ आदनप्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. आधारभूत तह परीक्षालाई व्यवस्थित बनाउन प्रश्नपत्र निर्माण कार्यशाला सञ्चालन गरी ।EMIS बाट नतिजा प्रकाशन गरिनेछ ।

११. विद्यालयको आवश्यकता, औचित्यता, विद्यार्थी संख्या र शिक्षक संख्याको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।साथै न्युन विद्यार्थी भएका विद्यालयहरूलाई अन्य विद्यालयमा समायोजन गर्ने नीति लिइनेछ।

१२. बालबालिकाहरुलाई विद्यालयमा नियमित रूपमा उपस्थित गराई पठनपाठनमा निरन्तर अभिप्रेरित गर्न र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि कक्षा ६ सम्मका विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था मिलाइनेछ ।

१३. शैक्षिक क्षेत्रको गुणस्तर बृद्धि गर्नको लागि विद्यालयलाई सुचना प्रविधि मैत्री बनाईने छ ।

१४. शहिद वेपत्ता परिवार घाईते टुहुरा गरिव जेहेन्दार विद्यार्थीहरुको छात्रावृद्धिको व्यवस्थापन गरिने छ।

१५. एस.ई.ई. परिक्षा सर्बोत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिने छ ।

१६. स्थानिय पाठ्यक्रम निर्माण प्रक्रियालाई अगाडी बढाइ लागु गरिने छ ।

१७. नयाँ पाठ्यक्रम प्रवोधीकरण तालिम संचालन गरिने छ ।

१८. विद्यालयको प्रशासनिक कार्यलाई व्यवस्थित गर्नको लागि इन्टरनेट, कम्प्यूटर १ थान, प्रिन्टर १ थान नभएको विद्यालयलाई उपलब्ध गराइने छ ।

१९. नमुना विद्यालयलाई प्रभावकारी बनाउन यातायात साधन व्यवस्थापन गर्न पहल गरिनेछ ।

२०. गाउँपालिका स्तरीय युवा क्लव गठन गरी युवा कार्यक्रम संचालन गरिने छ ।

२१. स्वस्थ्य जिवनको लागि खेलकुदको मुलमर्म अनुरुप पालिका स्तरिय अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

२२. युवालाई व्यवसायी र रोजगारमुलक बनाउनको लागि सिपमुलक तालिमको व्यवस्थापन गरिने छ ।

२३. विभिन्न आन्दोलनमा बलिदान प्राप्त गर्ने अमर शहिदहरुको स्मृतिमा शहिद पार्क निर्माण गरिनेछ । साथै फागुन १ गते लाई गणतन्त्र प्राप्तिको आन्दोलनको रुपमा जन्ययुद्द दिवस मनाइनेछ ।

**ख.२ स्वास्थ्य**

१. खोपको उपलव्धताको आधारमा आम नागरिकहरुलाई कोभिड-१९ बिरुद्दको खोप लगाउने कार्यलाई निरन्तरता दिईनेछ ।

२. सरुवा तथा विभिन्न महामारी जन्य रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि आवश्यक पूर्व तयारी गरिनेछ ।

३. नेपाल सरकारबाट सञ्चालन हुने नियमित खोप सेवा तथा अन्य खोप सेवाको Logistic Management System लाई प्रभावकारी बनाउन र भ्याक्सिनको Cold chain Maintain गरी भ्याक्सिनको गुणस्तरीयता कायम गर्न पालिकामा नै भ्याक्सिन सब सेन्टर (Cold Room) को स्थापना गरिनेछ ।

४. विभिन्न सरुवा तथा नसर्ने रोगहरु जस्तैः मधुमेह, मुटु, कलेजो तथा मृगौला सम्बन्धी रोगहरुको पहिचान गरी समयमै उपचार तथा व्यावस्थापन गर्न र मातृसुरक्षा कार्यक्रम अन्तर्गत Hb, Blood Grouping, PMTCT, VDRL, Urine RE जस्ता आधारभूत स्वास्थ्य चेक जाँच गरि समयमै जटिलताहरु पहिचान गरी मातृमृत्यु दरमा कमी ल्याउनको लागि स्वास्थ्य प्रयोगशाला विस्तार गर्ने नीति लिइनेछ र हाल सञ्चालनमा रहेको स्वास्थ्य प्रयोगशालाको थप व्यवस्थापन गरिनेछ ।

५. समुदायमा भएका जेष्ठ नागरिकहरुलाई तुलनात्मक रुपमा विभिन्न खालका सर्ने तथा नसर्ने रोगहरुको भार दिनानुदिन वढ्दै गईरहेको अवस्थालाई मध्यनजर गरी स्वास्थ्यकर्मीहरु आफै जेष्ठ नागरिकको घर दैलोमा गई जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण ३/३ महिनामा प्रदान गरिनेछ ।

६. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा स्वास्थ्य ईकाइहरुबाट प्राप्त हुने उपचारात्मक सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य सेवा, पोषण लगायत अन्य आधारभूत स्वास्थ्य सेवाका लागि अत्यावश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको व्यबस्था गरिनेछ।

७. गर्भवती महिलाहरुमा देखिन सक्ने स्वास्थ्य समस्या तथा जटिलताहरुको पहिचान गरी मातृमृत्युदर र शिशु मृत्युदर घटाउन तथा आर्थिक भार कम गर्न  गर्न गुणस्तरीय Protable USG मेसिनको व्यावस्थापन सहित ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई आवश्यक पर्ने क्षमता विकास तथा पूर्नताजगी  तालिमहरु र संस्थागत क्षमता विकासका लागि अत्यावश्यक सामाग्रीहरुको व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने नीति लिईने छ ।

९. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य हक अधिकारको लागि थप स्वास्थ्य संस्थाहरुमा सुरक्षित गर्भपतन सेवा विस्तार गर्ने नीति लिईने छ ।

१०. सञ्चालनमा रहेका गाउँघर क्लिनिक तथा खोप क्लिनिक कार्यक्रमलाई थप ब्यबस्थित गरिनेछ ।

११. घरमा हुने प्रसुति (Home Delivery) लाई शून्य बनाउने उद्धेश्यले स्वास्थ्य संस्थामा प्रसुति गराए बापत पाउने रु ४२०० प्रोत्साहन पोषण रकमलाई निरन्तरता दिइने छ।

१२. कुपोषणबाट हुन सक्ने मातृ तथा शिशु मृत्युदर कम गर्न सुत्केरी आमा र बच्चाको पौष्टिक आहारका लागि पोषणयुक्त सामाग्रीहरु सहितको **आमा कोसेली कार्यक्रम** संचालन गरिनेछ ।

१३. सुनौला १००० दिन भित्रका आमा तथा बच्चाहरुको पोषण प्रवर्द्धनमा टेवा पुर्याउने विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१४. शीघ्र कुपोषण तथा कडा कुपोषण न्युनिकरण सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५. खोप, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई परिचालन गरिनेछ ।

१६. नेपाल सरकार र प्रदेश सरकार सँगको साझेदारीमा बालबालिका, किशोरकिशोरी, अपाङगता भएका व्याक्ति तथा गर्भवतीको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिने छ ।

१७. बर्थिङ सेन्टरबाट दिईने सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक सामाग्रीहरुको व्यावस्था गरिनेछ साथै clinical update को लागि आवश्यक सिकाई सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

१८. स्वास्थ्य बिमा कार्यक्रम, जटिल रोग सबै सम्बन्धी घुम्ति शिविर, रक्तदान कार्यक्रम, आखाँ जाँच शिविर र स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९. स्वस्थकर जीवनयापनका लागि व्यावहार परिर्वतन सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा आमा समूह बैठक तथा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०. स्वस्थ गण्डकी र निरोगी गण्डकीबासीको परिकल्पना पूरा गर्न प्राकृतिक चिकित्सा र योग अभ्यास लाई प्राथमिकता दिइनेछ साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम गैर सरकारी संस्थासँगको समन्वयमा सञ्चालन गरिनेछ ।

२१. नेपाल सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत बालमृत्युदर तथा मातृमृत्युदर घटाउने आधारभूत स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. मकैसिङ प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नतिको लागि सुविधासम्पन्न भवन निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

२३.वैदेशिक रोजगारीबाट नेपाल फर्किएका सम्पूर्णहरुको स्थानीयस्तरबाट अनिवार्य रुपमा स्वास्थ्य परीक्षणको व्यवस्थापन मिलाइनेछ ।

२४. गर्भवती महिलाको निरन्तर स्वास्थ्य स्वा र कोही पनि बालबालिका कुपोषणको पिडित हुन नपर्ने नीति लिइनेछ ।

२५. जनताको स्वास्थ्य गण्डकी सरकारको दायित्व अन्तरगत जेष्ठ नागरिक शारिरिक असक्त भएकालाई घर घरमा त्रैमासिक रुपमा स्वास्थ्य स्वा सुचारु गरिने छ।

२६. पाठेघर क्यान्सर सम्बन्धि स्वस्थ्य शिविर अर्धवार्षिक रुपमा संचालन गरिने छ ।

**ख. ३ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः**

१. ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति तथा असायहरुलाई सामजिक सुरक्षा कार्यक्रम प्रचलित कानुन बमोजिम कार्यान्वयन संचालन र व्यवस्थापन गरिने छ ।

२. बाल अधिकार संरक्षण विपतमा परेका बालबलिकाको उद्धार बाल मैत्री स्थनिय शासन प्रवर्द्धन हुनेछ ।

३. लैंगिक हिंसा, बाल श्रम, बालविवाह, बहुविवाह, बोक्सी, छाउपटी प्रथा, जातिय विभेद, लागु पदार्थ दुर्व्यसन दाईजो प्रथा, घरेलु हिंसा जस्ता परम्परागत सामाजिक कुरुतीहरु निवारण गर्न महिला पुरुष सहभागिता गरिने छ ।
४. ज्येष्ठ नागरिक भेटघाट स्थल निर्माण तथा ज्येष्ठ नागरिक मंच गठन र ज्येष्ठ नागरिक कल्याणकारी निति ल्याईने छ ।
५. किशोरकिशोरीहरुका लागी जीवन उपयोगी सिप मानोपरामर्श तथा आत्मा निर्भर हुने निति अवलम्बन गरिने छ ।
६. आर्थिक अवस्था न्युन भएका विपन्न दलित र सिमान्तकृत समुदायलाई लक्षित गरि क्षमता बिकास र आयमुलक कार्यक्रम संचालन गर्नुका साथै सचालन गर्ने कार्यमा निरन्तर समन्वय गरिने छ ।
७. आर्थिक तथा समाजिक रुपमा पछि परेका महिला, बालबलिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक सिमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थान सम्बन्धित निति लिईने छ ।
८. एकल महिलाहरुलाई सशक्तिकरण गर्न विभन्न आयमुलक कार्यक्रम एवम मानोपरामर्शका कार्यक्रमहरु लिईने छ ।
९. बालबलिकाको अधिकार सुनिश्चताको लागी गाउँपालिका स्तरको बाल अधिकार निति तर्जुमा गरी बालमैत्री स्थानीय शासन कार्यक्रम सचालन र प्रबर्द्धन जोड दिईने छ ।
१०. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण मार्फत गाउँपालिकाको लैं स सा स मुल प्रवाहीकरणका लागी गाउँपालिकाको निति निर्माण संस्थागत बिकास र सुशासन आदि क्षेत्रमा लैं स सा स को सलग्नता सुनिश्चतता गरिने निति लिईने छ ।
११. लैंगिक हिंसा पिडित महिलाहरुको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका लागी गाउँपलिका स्तरमा लैंगिक हिंसा कोष व्यवस्थापन कार्यविधि तयार गरी लैंगिक हिंसा कोष स्थापना र संचालन गरिने छ ।
१२. ज्येष्ठ नागरिक, अपाङ्गता, अनाथ, असाय, अशक्त र मानसिक सन्तुलन घुमाएका व्यक्तिहरुको लागत अध्यवधिक गरि परिचय पत्र वितरण व्यवस्थापन गरी उनीहरुको जीवनलाई सहायता हुने निति लिईने छ ।
१३. दलिति जनजातिहरुको लागी जनचेतना मुलुक कार्यक्रम ल्याईने छ ।

**ख. ४. सामाजिक सुरक्षा तथा पंजीकरणः**

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सुची अध्यावधिक कार्यक्रम राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको निर्देशन बमोजिम सबै वडाहरुमा प्रभावकारी ढंगबाट सन्चालन गरिनेछ ।
२. ६० वर्ष माथिका, जीबनमा एक पटक पनि बिवाह नगरेका, गण्डकी गाउँपालिका भित्र रहेका लैगिक यौनिक अल्पसंख्यक र राज्यको सामाजिक सुरक्षा मापदण्ड भित्र नपरेका एकल पुरुषहरुलाई मासिक रु १५०० का दरले सामाजिक सुरक्षा (निर्वाह भत्ता) प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
३. सामाजिक सुरक्षा भत्ता बैंकमार्फत टोल-टोलमै वितरण गर्न सहजीकरण गरिनेछ ।
४. ब्यक्तिगत घटना दर्ता समयमै गर्न अभियान सञ्चालन गरिनेछ ।

## ग) पूर्वाधार विकास

१. गाउँपालिकाको मुख्य गौरवको योजनाको रुपमा गत विगत आर्थिक वर्षबाट सुरुवात भएको आग्रीडांडा-दलभञ्याङ्-रानिश्वारा-कौदी-पौवा-कुवापानी-बतासे भञ्याङ् सडकको कालोपत्रे गर्ने कार्य संघीय सरकारसंग समपुरक अनुदानमा साझेदारी गरी निरन्तरता दिईनेछ ।
२. प्रदेश सरकारको समपुरक अनुदान र गाँउ पालिकाको साझेदारीमा मकैसिङ्ग-ऐनापहाड-दलभञ्याङ्ग सडकको बाँकी खण्ड निर्माण सम्पन्न गरिने छ ।
३. संघीय सरकार, प्रदेश सरकार र जिल्ला समन्वय समितिको लागत साझेदारीमा गण्डकी गाँउपालिका प्रशासकिय भवन निर्माण कार्य अघि अगाडी बढाईनेछ ।
४. सिउरेनीटार लगायत शहरउन्मुख बस्तीहरुको फोहरमैला संकलन र व्यवस्थापन गर्न उपयुक्त निकास खोजि गरिने छ ।
५. एक वडा एक गौरवको योजनालाइ उच्च प्राथमिकता दिइ कार्यन्वयन गरिनेछ । पालिका केन्द्र जोडने मुख्य सडकहरुको निर्माण कार्यलाई क्रमागत योजनाको रुपमा राखी सडकको स्तरोन्नतीमा आवश्यक वजेट विनियोजन गरिनेछ । साथै मुख्य मुख्य सडकहरु प्रदेश तथा संघीय सरकारसंग समपुरक अनुदानमा सहकार्य गरी स्तरोन्नति गरिनेछ ।
६. गाउँपालिका स्तरीय सडक यातायात गुरु योजना निर्माण गरी गाउँपालिका भित्र निर्माण भएका सडक योजनाहरुलाइ बर्गिकरण गरिनेछ । र गण्डकी गाउपालिका भित्रका सडक सन्जाललाई उचित प्रबर्दन गरी बर्षभरी नै सहज वनाइनेछ ।
७. गाउँपालिका अन्तगत निर्माण हुने पुर्वाधार विकासका योजनाहरुको गुणस्तर सुनिश्चितता गर्नका निमित्त गाँउपालिकामा इन्जिनियरिङ्ग ल्याव व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
८. खानेपानी तथा सिचाइका लागि सतही डिप वोरिङ्ग तथा लिफ्टिङ योजनाहरु कार्यान्वयनमा ल्याइनेछन । यसरी योजनाहरु कार्यान्वयन गर्दा प्रदेश तथा संघीय सरकारसंग आवश्यक सहकार्य गरिनेछ ।
९. भौतिक पूर्वाधार विकास गर्दा विपद जोखिम संवेदनशीलतालाई समेत केन्द्र विन्दुमा राखी उत्थानशील डिजाइन तथा ईष्टीमेट गर्ने ब्यवस्था मिलाइने छ ।
१०. गाँउपालिकाको भवन निर्माण गर्दा भवन आचारसंहिताको पूर्ण रुपमा पालना गरिने छ ।
११. गाउपालिकाको शहरी बिकासको निमित्त शहरी बिकास बोर्ड गठन गरी कार्यन्वयनमा ल्याइनेछ ।
१२. भौतिक विकास निर्माणका कार्यहरुमा समावेशि (अपाङ्गता मैत्रि, वाल मैत्रि तथा महिला मैत्रिं) विकास लाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
१३. अन्तरपालिका स्तरीय योजना छनौट गरी कार्यान्वयनमा ल्याईनेछ । यस्ता योजनाहरुमा दुवै पालिकाहरुवाट समपुरक वजेटको व्यवस्था मिलाइनेछ ।
१४. गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुको लगत कट्टा गर्ने कार्यको थालनी गरिनेछ ।
१५. गण्डकी गाउँपालिकाको सडक निर्माण कार्यमा थप नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै स्तरउन्नतीमा प्राथमिकता दिइने छ ।
१६. जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयनमा ल्याइनेछ ।
१७. आयोजनाहरुको कामको प्रकृति, गुणस्तरीय निर्माणको सुनिश्चितता, लागत सहभागिता तथा जन श्रमदान समेतलाई मध्यनजर गरी रु. दशलाख भन्दा माथीका आयोजनाहरु विधुतीय खरिद मार्फत सन्चालन गरिने छ ।

१८. गाउँपालिका क्षेत्र भित्र निर्मित पूर्वाधारहरुको उपयोग र दिगो विकासको लागि आवश्यक कार्यनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१९. भौतिक पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारी नीति अवलम्वन गरिनेछ ।

२०. ठूला प्रकृतिका आयोजनाहरु निर्माणमा कम्तिमा पचास प्रतिशत रकम संरचना निर्माणमा छुट्याइने ब्यवस्था गरिनेछ ।

२१. गाउँपालिका भित्र विधुत विस्तार नभएका स्थानहरुको पहिचान गरी विधुत विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै प्रदेश सरकारसंगको साझेदारीमा काठको पोल विस्थापन अभियानलाइ निरन्तरता दिईनेछ ।

२२. गाउँपालिका भित्रका खेतिजन्य जमिनहरुलाई बाह्रै महिना सिंचाई सुबिधा उपलब्ध हुने गरी सतही सिंचाई प्रबिधि, लिफ्टिङ प्रबिधि,बोरीङ प्रबिधि र आकासे पानी संकलन गर्ने प्रबिधिको लागि आबश्यक पूर्वाधार निर्माणमा बिशेष लगानी गरिनेछ ।

२३. गाउँपालिकाको क्षेत्र भित्रको उपयुक्त क्षेत्रलाई औद्योगिक ग्राम क्षेत्र घोषणा गरी औद्योगिक ग्राम निर्माणका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।

२४. वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिईनेछ । जसका निमित्त ठूला प्रकृतिका आयोजना निर्माणमा टेवा पर्खाल निर्माण गरिनेछ साथै निर्माणस्थलमा उत्खनित माटोलाई उचित व्यवस्थापन गरिनेछ । गांउपालिका क्षेत्रभित्र रहेका संरचनाहरुको संरक्षणको लागि आवश्यक बाँध, स्पर आदी संरचनाहरुको निर्माण गरिनेछ ।

२५. सार्वजनिक सडक, खानेपानी तथा अन्य योजनाहरुको मर्मत संम्भारको लागि मर्मत संम्भार कोष स्थापना गरी संचालनमा ल्याइने छ ।

२६. संम्वाभित बिपदको प्रकोपलाइ मध्यनजर गरी ठूला प्रकृतिका खानेपानी वा अन्य योजनाहरुको प्रमुख संरचनाहरुको विमा गर्ने कार्यको थालनी गरिनेछ ।

२७. गाउँपालिका भित्र वैकल्पिक उर्जा संम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमनको थालनी गरिनेछ ।

२८. संघ सरकार र प्रदेश सरकारसंग साझेदारी गरी एक स्थानीय तह एक खेलकुद पूर्वाधार अवधारणामा निर्माण भएको संरचनाको स्तरउन्नती गरिने छ ।

२९. एक वडा एक खेलकुद मैदान को अवधारणामा निर्माण भएका संरचनाहरुको स्तरोन्नती गरिनेछ ।

३०. प्राकृतिक पानीको श्रोतहरुको उचित संरक्षण गरिनेछ । मुहान वरीपरि सडक खन्ने कार्यलाई निरुत्साहित गर्दै वृक्षरोपण कार्यलाई अघि वढाइनेछ । साथै मुहान संरक्षणको लागी पुनर्भरण (Recharge) पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

३१. गाउँपालिका भित्रका ठुला खोलाहरु तथा सीमा क्षेत्र भएर वहने त्रिशुली तथा वुढीगण्डकी नदीहरुमा आवश्यक प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्याँकन गरी नदीजन्य पदार्थ विक्री वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३२. भौतिक पूर्वाधार निर्माणका कार्यहरुमा जनसहभागिताको अंश न्युनतम् १० प्रतिशत जुटाई कार्यान्वयन गरिनेछ ।

३३. सडकको नयाँ ट्र्याक खोल्ने सडक योजना वाहेक स्तरोन्नती गर्ने सडक योजनामा न्युनतम ६० प्रतिशत स्ट्रक्चरमा र बढीमा ४० प्रतिशत अन्य निर्माण क्षेत्रमा खर्च गर्ने गरी व्यवस्था मिलाइनेछ ।

३४. गाउँपालिका स्तरीय सडक यातायात गुरु योजना तर्जुमा गरिनेछ।

३५. उपभोक्ता समिति मार्फत काम गर्ने गरी संझौता भएका योजनाहरुमा निर्माण व्यबसायीलाई कामको जिम्मेवारी दिई ठेकेदार मार्फत काम गराउन नपाउने गरी आवश्यक व्यवस्थापन मिलाउने ।

३६. गाउँपालिकाबाट कार्यान्वयन हुने श्रममूलक योजनाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ सूचीकृत भएका रोजगारदाताहरुलाई प्रथमिकता दिई काम गराइनेछ ।

३७. कार्यको प्रक्रिति एवं जनसहभागिताको अवस्था हेरी १० लाख भन्दा बढी लागत अंक भएका भौतिक पूर्वाधार विकास निर्माण कार्यहरुको ठेक्का (e-Bidding) मार्फत खरिद प्रक्रिया अगाडी वढाइनेछ।

**घ. वन, वातावरण तथा विपद व्यवथापन**

५. विपद व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड र योजना अद्यावधिक गरी कार्यान्वयन, अनुगमन र नियमनमा जोड दिइनेछ ।

६. विपद सम्बन्धी पूर्व तयारी, सचेतना अभिवृद्धि र उद्धार तथा राहत समग्रीहरुको आवश्यक व्यवस्था गरिनेछ ।

७. विपद जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरुको पहिचान गरी स्थानान्तरणको प्रक्रिया अघि बढाइनेछ ।

८. विपद व्यवस्थापनको लागि सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ, संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

९. विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरी स्रोत साधनको अधिकतम परिचालन गरिनेछ ।

१०. विपद उत्थानशील विकासको लागि योजना र कार्यक्रम सञ्चालन पूर्व संक्षिप्त र प्रारम्भिक वातावरणीय अध्ययनमा जोड दिइनेछ ।

११. विपद पश्चातको पुनस्थापना र पुनर्निमाणमा आवश्यक पहल गरिनेछ ।

१२. गाउँपालिका क्षेत्रको विपद सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ ।

१३. समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. वातावरणीय जोखिम न्यूनिकरण गर्न वृक्षारोपण, फोहरमैला व्यवस्थापन र जैविक विविधताको संरक्षणमा जोड दिइनेछ ।

१५. बनडढेलोले निम्त्याउने जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. विकास निर्माणका कार्य गर्दा न्यून वातावरणीय क्षति हुनेगरी सञ्चालन गर्दै दिगो विकासमा जोड दिइनेछ ।

**ङ. सुशासन तथा संस्थागत विकास**

**ङ १. नगर प्रहरी**

१. स्वीकृत दरबन्दी संरचना र नगर प्रहरी ऐन बमोजिम नगर प्रहरी व्यवस्थापन गरिनेछ । जसबाट विपद व्यवस्थापन, गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन, सार्वजनिक सम्पत्तिको संरक्षण, न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन जस्ता विषयहरुमा सहयोग पुग्नेछ ।

**ङ २. सहकारी संस्था**

१. सहकारी संस्थाहरुलाई प्रचलित कानून बमोजिम दर्ता, नियमन र सहजीकरण गरिनेछ ।

२. सहकारी सम्बन्धि स्थानीय तथ्याङ्क व्यवस्थापन, स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि, प्रवद्र्धन, परिचालन र विकासमा जोड दिइनेछ ।
३. सहकारी उत्पादनको बजार प्रवद्र्धनमा जोड दिइनेछ ।
४. सहकारी संस्थाहरुको सु-सञ्चालन र व्यवस्थापन गर्न अनुगमन र मूल्याङ्कनमा जोड दिइनेछ ।

**ङ ३. एफ.एम. सञ्चालन**

१. गाउँपालिका भित्र नै एक सय वाट सम्मको एफ.एम. रेडियो सञ्चालनको लागि निजी क्षेत्रलाई आवश्यक सहजीकरण गरिनेछ ।

**ङ ४. मानव संशाधन विकास**

१. स्थानीय सेवालाई चुस्त दुरुस्त बनाउन स्वीकृत दरबन्दी संरचना बमोजिम रिक्त स्थानमा स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गरिनेछ ।
२. संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना तथा दरबन्दी निर्धारण र परिमार्जन गरिनेछ ।
३. गाउँपालिकाको सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको भरपुर उपयोग गरिनेछ ।
४. कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी र प्रतिफलयुक्त बनाउन गाउँपालिका र कर्मचारीहरुको बीचमा कार्यसम्पादन सम्झौता गरि कार्यविवरण दिइनेछ ।
५. कर्मचारीहरुको मनोबल उच्च बनाउन नतिजामूलक कार्यसम्पादन सूचकको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
६. नवप्रबर्तनमुखी राज्यको अवधारणालाई मूर्तरुप दिन सेवाग्राहीहरुलाई नयाँ तौरतरिकाबाट सेवा प्रवाह गर्ने र संगठनको कार्यप्रक्रियालाई नयाँ ढंगले तर्जुमा गर्ने नीति लिइनेछ ।
७. कर्मचारीहरुलाई आवश्यकताको आधारमा पेशागत सिप विकासको लागि तालिमको व्यवस्था गरिनेछ ।
८. यस कार्यालयमा कार्यरत कर्मचाहरुको योगदानमा आधारित निवृत्तिभरण प्राप्त कर्मचारीलाई तोकिए बमोजिम संचयकोषको कार्यालयसंग आबश्यक समन्वय र सम्झौता गरि कार्यान्वयनमा ल्याइनेछ ।

**ङ ५. उपभोक्ता हकहित तथा स्थानीय बजार व्यवस्थापन**

१. स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण संयन्त्र निर्माण गरिनेछ ।
२. उपभोक्ताको हित र व्यापार प्रवर्द्धन दुवै पक्षलाई ध्यानमा राखी बजार अनुगमनमा जोड दिइनेछ ।
३. स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गरिनेछ ।
४. व्यापार तथा बजार प्रवर्द्धनमा निजी तथा गैर सरकारी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।

**ङ ६. समन्वय र सहकार्य**

१. छिमेकी गाउँपालिकाहरुसँग साझा सरोकारका विषयहरु जस्तैः विपद व्यवस्थापन, सिमा विवाद, दमकल व्यवस्थापन, स्थानीय राजश्व तथा कर संकलन, खानेपानी व्यवस्थापन, असल अभ्यासको आदानप्रदान, जस्ता विषयहरुमा आवश्यक छलफल, समन्वय र सहकार्य गर्न संयुक्त समिति गठन गरिनेछ ।
२. गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाहलाई तिब्रता दिन सङ्घ, प्रदेश, जिल्ला समन्वय समति तथा छिमेकी स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**ङ. ७. मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

१. स्थानीय मेलमिलाप र मध्यस्थताको लागि आवश्यक नीति तर्जुमा गरी प्रत्येक वडा कार्यालयहरुमा स्थानीय मेलमिलाप केन्द्र स्थापना गरी सहजकर्ताहरुलाई अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।
२. न्यायिक समितिमा कानूनी परामर्शदाताको नियुक्ति गरी न्याय निरुपणलाई चुस्त दुरुस्त बनाइनेछ ।

**ङ ७ भूमि व्यवस्थापन**

१. गाउँपालिका क्षेत्र भित्र अतिक्रमित सार्वजनिक तथा सामुदायिक भूमिको पहिचान गरी त्यस्तो भूमिलाई संरक्षण गरिनेछ ।
२. प्रत्येक शहरोन्मुख बस्तीहरुमा खाली स्थान राखी वस्ती विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।
३. सार्वजनिक जग्गाको नापजाँच, गाउँपालिकाको सिमा निर्धारण तथा लगत व्यवस्थापन गरिनेछ ।
४. भूमिको वर्गीकरण गरी लगत व्यवस्थापन गरिनेछ ।
५. अव्यवस्थित रुपमा जग्गाको खण्डीकरणलाई निरुत्साहित गरी चक्लाबन्दीमा जोड दिइनेछ ।
६. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गरिनेछ ।
७. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापनमा आवश्यक प्रक्रिया अघि बढाइनेछ ।
८. नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण गरिनेछ ।

**ङ ८ स्थानीय अभिलेख व्यवस्थापन**

१. जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, प्रतिव्यक्ति आय, विपद व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड र योजना अद्यावधिक गरी कार्यान्वयन, अनुगमन र नियमनमा जोड दिइनेछ ।
२. राजश्व तथा आयव्यय तथ्याङ्क संकलन र प्रशोधन गरी डिजिटल प्रोफाइललाई अद्यावधिक गरिनेछ ।
३. सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखिनेछ ।
४. गाउँपालिकामा सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ ।
५. स्थानीय अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको भरपुर उपयोग गरिनेछ ।

**ङ ९. राजश्व नीतिहरु :**

१. कर लगाउँदा वातावरणीय तथा पर्यावरणीय संरक्षण तर्फ उचित ध्यान दिइनेछ ।
२. संभाव्य करको क्षेत्र पहिचान गरी कर संकलनको लागी आवश्यक भौतिक पूर्वाधारको विकासमा जोड दिइनेछ ।
३. स्थानीय वासिन्दामा **"हामीले तिरेको कर हाम्रै लागि"** भन्ने भावनाको जागृत गराई तदनुरुप सबै क्षेत्रमा सेवा सुविधाहरु समानरुपमा उपलब्ध गराउने तर्फ विशेष पहल गरिनेछ ।
४. आन्तरिक आय उठेको आधारमा रकम विनियोजन गरी जुन क्षेत्रमा रकम प्राप्त भएको छ सोहि आधारमा सोहि क्षेत्रको विकासमा प्राथमिकता दिईनेछ ।
५. राजश्वको पहिचान र संभाव्यता अध्ययनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढि क्रियाशिल बनाइनेछ ।

६. राजश्व संकलनका सन्दर्भमा आवश्यकता अनुसार स्थानिय प्रशासन, सुरक्षा निकाय तथा विषयगत कार्यालयहरु समेतको सहयोग लिईने निति अबलम्बन गरिनेछ ।

७. राजश्व संकलनलाई मितव्ययी एवं प्रगतिशिल बनाईनेछ ।

८. राजश्व शाखालाई सफ्टवेर एवं अनलाईन प्रणालीमा आवद्ध गरि थप सवलिकरण गरिदै लगिनेछ ।

९. विपन्नता तथा काबु बाहिरको परिस्थिति परि राजश्व छुट दिनु पर्ने अथवा मिनाहा गर्नु पर्ने अवस्था भएमा तत्कालिन अवस्थालाई मध्येनजर गरि निश्चित मापदण्ड अपनाई गाउँपालिकाको निर्णयानुसार गरिनेछ ।

१०. आन्तरिक आय असुलि सम्बन्धी कुनै विवाद आईपरेमा वा देखिएमा तत्काल समस्या समाधानका लागि राजश्व परामर्श समितिलाई प्रभावकारी रुपमा क्रियाशिल गराईनेछ ।

११. राजश्व वृद्धिमा योगदान पुर्याउने क्षेत्रको समग्र विकासमा थप प्रभावकारी कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१२. अनधिकृत रुपमा नदि खोलामा पसि नदिजन्य पदार्थको चोरि निकासीमा संलग्न व्यक्ति वा संस्था उपर शुन्य सहनशिलताको सद्धान्त अपनाई कडा कारवाहि गरिनेछ ।

सम्मानित सभा सदस्य ज्युहरु,

जनभावनाको कदर गर्दै गाउँपालिकाको बिकास र सेवा प्रवाहमा अहोरात्र खटिने जिम्मेवारी र संकल्पका साथ हामी जननिर्वाचित प्रतिनिधिहरु गाउँपालिकाको अग्रगामी मार्ग तय गर्न यस सम्मानित सभामा उपस्थित भएका छौं ।यस गहन जिम्मेवारी पूरा गर्न हामी सबैको भूमिका रहन्छ । प्रभावकारी बिकास, सेवा प्रवाह र नियमनको लागि सबैको सार्थक, सकारात्मक र सृजनशील भूमिका अपरिहार्य छ । अगामी आर्थिक बर्ष २०७९/०८० का लागी तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनवाट यस गाँउपालिकाको सर्वाङ्गीण विकासमा महत्वपुर्ण योगदान पुग्नुका साथै गण्डकीवासी नागरिकहरुको सुख र सम्वृद्धिको उत्कट ईच्छा र चाहानामा टेवा पुग्ने अपेक्षा लिएको छु ।यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा जनप्रतिनिधी, राजनैतिक दलहरु, नागरिक समाज, बुद्धिजिवी, सहकारी संस्थाहरु, विकास साझेदार, राष्ट्रसेवक कर्मचारी र सञ्चार माध्यम लगायत सम्पूर्ण गण्डकीवासी नागरिकहरुको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

दिपक तिमिल्सिया (साकार)
सभाध्यक्ष एबं अध्यक्ष
गण्डकी गाउँपालिका, गोरखा